## सूचना ३

श्री ५ को सरकारले मिति २०५०।६।१५ को निर्णयानुसार नेपाल वन सेवा जनरल फरेष्ट्रिसमूहमा रा. प. द्वितीय (प्रा.) उप सचिवस्तरका देहायका अधिकृतहरू-लाई देहाय बमोजिम सरुवा गरेको छ ।

| सि. नं. | नाम, थर | साविक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री बालकृष्ण खनाल | का. मु. कार्यकारी निर्देशक, सदर चिडियाखाना विकास समिति । | वन पैदावार अधिकृत, वन विभाग । |
| २. | श्री माधवप्रसाद आचार्य | वन पैदावार अधिकृत, वन विभाग । | जिल्ला वन अधिकृत, जि. व. का. रौतहट । |
| ३. | श्री सूवर्णचन्द्र कर्माचार्य | का. मु. प्रमुख, सागरनाथ वन विकास परियोजना । | योजना अधिकृत, वन विभाग । |
| ४. | डा. माधवप्रसाद घिमिरे | योजना अधिकृत, वन विभाग । | रा. प. द्वि. प्रा. वन विभाग पुल । |

आज्ञाले,<br>
दीपेन्द्र पुरुष ढकाल<br>
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

मिति २०५०।६।८ को निर्णयानुसार श्री ५ को सरकारले निम्नबमोजिमको "राष्ट्रिय पोषण समन्वय समिति" गठन गरेको छ ।

समितिको गठन विधि

१. माननीय सदस्य, रा. यो. आ. (सामाजिक सेवा तथा जनसंख्या क्षेत्र हेर्ने) अध्यक्ष
२. सह सचिव, योजना महाशाखा, स्वास्थ्य मन्त्रालय सदस्य
३. सह सचिव, योजना महाशाखा, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय "



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. सह सचिव, महिला कृषक विकास महाशाखा, कृषि मन्त्रालय "
५. सह सचिव, योजना महाशाखा, स्थानीय विकास मन्त्रालय "
६. सह सचिव, अर्थ मन्त्रालय "
७. शिक्षाध्यक्ष, त्रिभुवन बिश्वबिद्यालय "
८. सदस्य सचिव, समाज कल्याण परिषद् "
९. सदस्य सचिव, राष्ट्रिय कृषि अनुसन्धान परिषद् "
१०. सदस्य सचिव, नेपाल चिकित्सा अनुसन्धान परिषद् "
११. समितिको अध्यक्षबाट मनोनीत एकजना पोषणविद् "
१२. प्रतिनिधि (सह सचिव, सम्बन्धित महाशाखा) राष्ट्रिय योजना आयोगको सचिवालय सदस्य सचिव

समितिको उद्देश्य तथा काम, कर्तव्य

उद्देश्य

१. नेपाली जनतामा बिद्यमान कुपोषणको अवस्था अध्ययन मनन गरी पोषण स्थितिमा व्यापक सुधार ल्याउने ।

२. पोषणको स्थितिमा सुधार देखिएपछि मात्र मुलुकको गुणात्मक विकास हुन्छ भन्ने कुरालाई पारदर्शी बनाउन भरपर्दो विकास सूचकाँक तयार पारी लागू गर्ने ।

३. पोषणको स्थितिमा सुधार गर्ने सम्बन्धी अन्तरराष्ट्रिय मन्चमा नेपालले देखाएको प्रतिवद्धतालाई कार्यरूप दिने ।

४. पोषण सम्बन्धी बहुपक्षीय नीति तथा कार्यक्रम भएकाले राष्ट्रिय नीतिको तर्जुमा गर्नुका साथै अन्तरक्षेत्रगत समन्वय कायम गरी एकीकृत रूपमा पोषण कार्यक्रम लागू गर्ने ।

५. पोषण सम्बन्धी कुरा बढी व्यक्ति र घरपरिवारसँग सम्बद्ध भएकोले यसमा निजी क्षेत्र, गैर सरकारी क्षेत्र र स्थानीय निकायहरूलाई बढी परिचालन गराइ पोषण स्थितिमा सुधार ल्याउने ।

कार्यहरू

(क) पोषण सम्बन्धी कार्यहरूबारे नीतिगत सुझाव पेश गर्ने ।

(ख) बिभिन्न मन्त्रालयहरूद्वारा संचालन हुने पोषण सम्बन्धी कार्यक्रमहरूबीच समन्वय गर्ने सम्बन्धमा सुझाव पेश गर्ने ।

(ग) पोषण सम्बन्धी कार्यक्रमहरूको अनुगमन गर्ने र देखिएका बाधा अड्काउ फुकाउने सम्बन्धमा सुझाव पेश गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काम कर्तव्य

१. नेपालमा कुपोषणबाट पीडित जनताको सही पहिचान गरी त्यसबाट मानवीय जीवनमा परेको शारीरिक, बौद्धिक, मनोवैज्ञानिक र आर्थिक असरहरूको लेखाजोखा गर्दै आम जनताको पोषण स्थितिमा सुधार ल्याउने नीति र कार्यक्रमको तर्जुमा र कार्यान्वयन इकाईहरूबीच समन्वय ल्याउनु र सही अनुगमन मूल्याङ्कन गर्नु समितिको काम, कर्तव्य हुनेछ ।

२. आफ्नो कर्तव्य पूरा गर्न समितिले देहायका कार्यहरू गर्नेछः–

२.१ पोषणको दृष्टिले मर्मान्तकक्षेत्र र वर्गको पहिचान गरी त्यस्ता ठाउँहरूको पोषण स्थितिको सुधारका लागि विशेष नीति र कार्यक्रम बनाउने ।

२.२ कुपोषणको प्रभावबाट उत्पन्न भएका र हुन सक्ने शारीरिक, मानसिक दूर्बलताहरूको पहिचान गरी प्रवर्द्धनात्मक कार्यक्रमहरू संचालन गराउने ।

२.३ स्वास्थ्य क्षेत्रमा र गैर स्वास्थ्य क्षेत्रमा संचालन गर्ने पोषणसम्बन्धी कृयाकलापको पहिचान गरी कार्यक्रम निर्धारण गर्न कार्यान्वयन इकाईहरूलाई निर्देशन तथा मार्गदर्शन गर्ने ।

२.४ पोषण क्षेत्रमा कार्यरत हुने जनशक्तिको विकास गराउने ।

२.५ पोषण निर्णयकर्ता, योजनाकारदेखि लिएर प्रसार कार्यकर्तासम्मका लागि पोषणसम्बन्धी छोटो तालीम, गोष्ठी, छलफल आदि तर्जुमा गरी ज्ञान र दक्षतामा अभिवृद्धि गराउने ।

२.६ पोषणसम्बन्धी कार्यलाई शारीरिक सूचाङ्कको आधारमा निरन्तरता दिन उप स्वास्थ्य चौकीस्तरदेखि नै तीन बर्षभन्दा मुनीका केटाकेटीहरूको उमेर अनुसारको पाखुराको नाप, उचाई, तौल आदि जाँचका कार्यक्रम संचालन गर्न लगाउने र क्रमशः स्वास्थ्य चौकितिर र प्राथमिक स्वास्थ्य केन्द्रस्तरसम्म यस कार्यक्रमलाई आवद्ध गराउने ।

२.७ श्रव्यदृश्य र प्रेसको माध्यमबाट पोषण स्थितिमा सुधार ल्याउन व्यापक प्रचार प्रसारको व्यवस्था गर्ने ।

२.८ प्रोटिन-इर्नजि-मालन्यूट्रेशनबाट ग्रसित बालबालिकाका लागि पोषण सम्बन्धी विषयलाई बढी महत्व दिई औपचारिक तथा अनौपचारिक साधारण र प्राविधिक शिक्षाको पाठ्य सामग्रीमा समावेश गराइ शिक्षण-प्रशिक्षण दिने नीति तथा कार्यक्रम बनाउने ।



४३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.९ भिटामिन "ए" लोहतत्व र आयोडिनको कमिलाई हटाउन आवश्यक औषधीको व्यवस्था मिलाई जनतालाई सुलभ तरिकाले उपलब्ध गराउन व्यवस्था गर्ने ।

२.१० स्थानीय उत्पादित खाद्य सामग्रीको माध्यमबाट पोषणमा सुधार ल्याउन वाञ्छनीय भएकोले कृषि अन्तर्गत करेसाबारी, फलफूल खेती र पशुपालनमा जोड दिने, खाना पकाउने तरीकामा सुधार गर्ने, सर-सफाईमा जोड दिने । यसका लागि स्थानीय निकायहरूको माध्यमबाट उपभोक्ताहरूमा ज्ञान शीप पुऱ्याउने र निरन्तरता प्रदान गर्ने जनग्राह्य कार्यक्रमको तर्जुमा गर्ने ।

२.११ पोषणसम्बन्धी नीति तथा कार्यक्रमको नियमित रूपमा अनुगमन मूल्याङ्कन गर्ने र तथ्याङ्क प्रकाशन गर्ने ।

३. समितिले आफ्नो कार्यलाई प्रभावकारी बनाउन समिति अन्तर्गत प्राविधिक उप समिति र खाद्य तथा पोषण सर्भिलेन्स इकाईको व्यवस्था गर्न सक्नेछ ।

४. पोषण स्थितिको सुधारका लागि यस समितिले दिएको नीतिगत तथा कार्यक्रमगत निर्देशनहरू पालन गर्नु सम्बद्ध सरकारी तथा गैर सरकारी निकायहरूको कर्तव्य हुनेछ ।

५. अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सम्पर्क राखी पोषण सुधारसम्बन्धी सहयोगहरू जुटाउन, सहयोग आदान-प्रदान गर्न यो समितिले गर्न सक्नेछ । तर, सहयोगको आदान-प्रदान श्री ५ को सरकारको प्रचलित ऐन नियमबमोजिम तय गर्नुपर्नेछ ।

## विविध

१. पदेन सदस्यबाहेक श्री ५ को सरकारले मनोनीत गरेको सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

२. समितिले प्रशासनिक, आर्थिक कुराहरूमा श्री ५ को सरकारसँग सम्पर्क राख्दा राष्ट्रिय योजना आयोगको सचिवालय मार्फत राख्नेछ । तर, पोषणसम्बन्धी नीति तथा कार्यक्रम सम्बन्धमा भने सबै कार्यान्वयन इकाईसँग सोझै सम्पर्क राख्न बाधा पुग्ने छैन ।

३. समितिले गर्ने काम र बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

४२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. समितिले आवश्यक देखेमा विशेषज्ञ र विशेषज्ञहरू करारमा लिई अध्ययन, अनुसन्धान, सर्भेक्षण गर्न गराउन सक्नेछ ।

आज्ञाले,
डा. रवीन्द्रकुमार शाक्य
श्री ५ को सरकारको का.मु. सदस्य–सचिव

श्री ५ को सरकार

## श्रम मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५०।६।२५ को निर्णयानुसार श्रम विभाग अन्तर्गत संचालन भइरहेका एघार वटा श्रमिक आपूर्ति केन्द्रहरूको नाम परिवर्तन गरी सीप विकास तालीम केन्द्र नामाकरण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
डा. प्रभा वस्नेत
श्री ५ को सरकारको का.मु. सचिव

४३५



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।